आज मिति २०७९।०२।०९ गते शोमबारका दिन यस रामग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादव ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

| नाम | वडा नं | पद | हस्ताक्षर |
|---|---|---|---|
| श्री धनपत यादव | | नगर प्रमुख | |
| श्री सम्झना चौधरी | | नगर उपप्रमुख | |
| श्री रुद्र प्रकाश उपाध्याय | १ | वडा अध्यक्ष | |
| श्री निरज रौनियार | २ | वडा अध्यक्ष | |
| श्री उज्जवल न्यौपाने | ३ | वडा अध्यक्ष | |
| श्री मदन यादव | ४ | वडा अध्यक्ष | |
| श्री राम वृक्ष अहिंर | ५ | वडा अध्यक्ष | |
| श्री विद्या सागर त्रिपाठी | ६ | वडा अध्यक्ष | |
| श्री रबिन्द्र यादव | ७ | वडा अध्यक्ष | |
| श्री महेन्द्र प्रसाद नाउ (ठाकुर) | ८ | वडा अध्यक्ष | |
| श्री भोज नारायण यादव | ९ | वडा अध्यक्ष | |
| श्री सुरेश यादव | १० | वडा अध्यक्ष | |
| श्री धनि राम यादव | ११ | वडा अध्यक्ष | |
| श्री लोक बहादुर चौधरी | १२ | वडा अध्यक्ष | |
| श्री असनारायण प्रसाद चौधरी | १३ | वडा अध्यक्ष | |
| श्री ओम प्रकाश यादव | १४ | वडा अध्यक्ष | |
| श्री धनपत यादव | १५ | वडा अध्यक्ष | |
| श्री बिजय कुमार यादव | १६ | वडा अध्यक्ष | |
| श्री कन्है प्रसाद कोईरी | १७ | वडा अध्यक्ष | |
| श्री गोपाल डिस्वा मगर | १८ | वडा अध्यक्ष | |

| | | | |
|---|---|---|---|
| श्री राकेश पाण्डे | रामग्राम नगरपालिका | प्रमुख प्रशासकीय अधिकृत ,सचिव | |

**बैठक संचालन सहयोगी कर्मचारीहरु :**

श्री रुद्र प्रसाद रेग्मी नगर शिक्षा अधिकारी

श्री सतिश कुमार गुप्ता ईन्जिनियर

श्री रामलाल अर्याल अधिकृत छैठौं

श्री संजय कुमार शर्मा ले. अ.

श्री मुकेश नारायण लोनिया MIS operator

बैठक नं ०१

रामग्राम नगरपालिकाको मिति २०७९।०२।०९ गतेको नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु

प्रस्ताव नं. १ : सेवा प्रवाह सम्बन्धमा ।
प्रस्ताव नं. २ : योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं. ३ : अनुगमन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं. ४ : बाढीको जोखिम न्यूनीकरण सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा रामग्राम नगरपालिकाको वस्तुस्थितीको बारेमा जानकारी लिई सहज तरिकाबाट सेवा प्रवाह गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. ०७८।०७९ मा कार्यान्वयन गर्नु पर्ने बाँकी आयोजना कार्यक्रमहरु सम्पन्न गर्न सम्पूर्ण कर्मचारीहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन , २०७४ मा नगर उपप्रमुखको संयोजकत्वमा आयोजना/कार्यक्रम अनुगमन हुने व्यवस्था भएकोमा यस नगरपालिकामा जनप्रतिनिधी रिक्तताको कारण अनुगमन कार्य प्रभावित भएकोले नगर कार्यपालिकाको पूर्ण रुपले गठन नभएसम्मको अवधिको लागि रामग्राम नगरपालिकाको अनुगमन तथा मूल्यांकान कार्यविधी २०७८ मा भएको व्यवस्था बमोजिम तपसिल बमोजिमको आयोजना/कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति गठन गरि अनुगमन तथा मूल्यांकनको कार्य अगाडि बढाउने निर्णय गरियो ।

**तपसिलः**

नगर उप-प्रमुख - संयोजक
प्रमुख प्रशासकीय अधिकृत- सदस्य
सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य
पूर्वाधार विकास शाखा प्रमुख - सदस्य
योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य सचिव

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रामग्राम नगर क्षेत्रभित्र सम्भावित बाढीकोको जोखिम न्यूनिकरण गर्नको लागि यस नगरपालिका भित्रको झरही खोलाको विभिन्न ठाउँमा तटबन्धन निर्मण गर्ने कार्यमा सहजिकरण गर्ने र सो खोलामा पानीको वहाव रोकिएका स्थानहरुको पहिचान गरी सर सफाई गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।